बैठक संख्या : ०८२/०८३/५

आज मिति २०८२/०६/२७ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जंग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | कां.प्र.अ. | |
| १९. | श्री टिकाराम बस्याल | कां.ले.अ. | |
| २०. | खगम ब. ढेगा | कां.स. | |
| | | | |
| | | | |

# कार्यपालिकाको पाँचौ बैठकको निर्णयहरु:-

मिति २०८२/०६/२७

प्रस्तावहरु:-

१. अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
२. नेपाल सरकार अर्थ मन्त्रालयको निर्देशन सम्बन्धमा।
३. खानेपानी योजना संचालन सम्बन्धमा।
४. पन्ध्रशैया अस्पताल निर्माण कार्यको म्याद थप सम्बन्धमा।
५. उपाध्यक्ष आमा सुरक्षा गर्भवतीलाई अन्डा वितरण कार्यविधि सम्सोधन सम्बन्धमा।
६. कृषि तथा पशुपंक्षी फार्म दर्ता, संचालन तथा नविकरण सम्बन्धी कार्यविधि सम्बन्धमा।
७. आर्थिक सहयोग सम्बन्धमा।
८. करार कर्मचारीहरुको करार सम्झौता तथा म्याद थप सम्बन्धमा।
९. कार्तिक पूर्णिमा मेला तथा संस्कृति जगेर्ना कार्यक्रम सम्बन्धमा।
१०. गाउँपालिकाको कार्यालय भवन मर्मत, सम्हार र रङ्गरोगन सम्बन्धमा।

निर्णयहरु:-

१. गाउँकार्यपालिकाको यस अघिको वैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा वैठकमा छलफल गरियो। कार्यान्वयन गर्न वाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले गरियो।

२. नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०८२/०६/०७ च.नं.११८ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी पत्र बैठकमा बाचन गरेर सुनाइयो। उक्त निर्देशन कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

३. माथागढी गाउँपालिकामा आ.व २०८२/०८३ मा लुम्बिनी प्रदेश सरकारद्वारा विनियोजन गरिएका खानीपानीका आयोजना मध्ये देहायका २ आयोजनाहरुमा यस गाउँपालिकाबाट समेत उक्त आयोजना शिघ्र सम्पन्न गर्ने अभिप्रायले बजेट विनियोजन गरिएकोले उक्त २ वटा आयोजना कार्यान्वयन गर्न एकद्वार प्रणाली अपनाउन उपयुक्त हुने भएकोले लुम्बिनी प्रदेश सरकारको विनियोजन ऐन २०८२, को दफा ७ को उपदफा (२) बमोजिम प्रदेश सरकारको सम्वन्धित कार्यालय खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तानसेन मार्फत कार्यान्वयन गर्न अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै माथागढी गा.पा.को वडा नं ८ मा प्रदेशबाट क्रमागत योजना कार्यान्वयन गरिने वेतिनी खा.पा आयोजनामा विनियोजन भएको र माथागढी गा.पा.बाट पनि बहादुरपूर खा.पा योजना भनी विनियोजन गरिएकोले १२ लाख रुपैयाँ उक्त वेतिनी खा.पा छुटाछुटै योजना नभई एउटै ठाउँको योजना भएकोले

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

वेतिनी खा.पा.मा समायोजन गरी कार्यान्वयन गर्नको लागि अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.स | आयोजनाको नाम | स्थान | प्रदेश सरकारबाट बिनियोजन रकम | स्थानीय सरकारबाट बिनियोजन रकम |
|---|---|---|---|---|
| १ | जाउपोखरा खा.पा योजना | माथागढी-१ | २५ लाख | १० लाख |
| २ | वेतिनी खा.पा | माथागढी-८ | ९ लाख | १२ लाख |

४. माथागढी गाउँपालिकामा निर्माण भई रहेको १५शैया अस्पतालको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेकोमा उक्त अस्पतालमा आवश्यक विद्युतीय ट्रान्सफर्मर र 3 Phase मिटर गा.पा.बाट व्यवस्था गर्न ढिलाई हुँदा HVAC सम्बन्धि उपकरणहरुको परीक्षण हुन नसकेको कारण प्राकृतिक निर्माण प्रा.लि.ले मिति २०८२/०६/०९ मा खरिद नियमावली बमोजिम थप ३ महिनाको म्याद थप गर्न अनुरोध गरि आएकोले सार्वजनिक खरिद नियमावली (चौथो संशोधन) को नियम १२०(क) बमोजिम थप तिन महिना २०८२ पौष मसान्त सम्म म्याद थप्ने सर्वसम्मतिले निर्णय गरियो।

५. उपाध्यक्ष आमा सुरक्षा गर्भवतीलाई अन्डा वितरण कार्यविधि, २०७६ मा छलफल गरी आवश्यकता बमोजिमको सम्सोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

६. कृषि तथा पशुपंक्षी फार्म दर्ता, संचालन तथा नविकरण सम्बन्धी कार्यविधि, २०८२ मा आवश्यक छलफल गरी सर्वसम्मतिले पारित गरियो।

७. राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिस्ठान नेपाल जिल्ला कार्य समिति पाल्पाको देउसी भैलो कार्यक्रम २०८२ को प्रस्तावन पत्र सहित आर्थिक सहयोग माग भई आएको हुनाले कार्यक्रम सम्पन्न भए पछिको बील भरपाईको आधारमा सो प्रतिस्ठानलाई आर्थिक स्वरुप रु.१०००० (अक्षरमा दस हजार मात्र) उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

८. माथागढी गाउँपालिकाको १७औं अधिवेशनमा करार कर्मचारीको ६-६ महिनामा म्याद थप गर्ने निर्णय अनुसार माथागढी गाउँपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत सबै करार सेवाका कर्मचारीहरुको हाललाई म्याद २०८२/०७/०१ देखि २०८२ पौष मसान्त सम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो।

९. आ.व २०८२/०८३ मा माथागढी गाउँपालिका वडा नं.४ बाट विनियोजित कार्तिक पूर्णिमा मेला तथा संस्कृति जगेर्ना कार्यक्रम गर्नका लागि ४ नं वडाको सिफारिस बमोजिम आन्नदनगर खेलकुद क्लबलाई जिमा दिई कार्यक्रम सम्पन्न गर्ने सर्वसम्मतिले निर्णय गरियो।

१०. आ.व २०८२/०८३ मा विनियोजित विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित रु.५ लाखबाट गाउँपालिकाको कार्यालय भवन, कोठाहरु, पार्किङ्ग क्षेत्र, गाड़ रुम र क्यान्टिन

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

रङ्गरोगन तथा मर्मत सम्हार कार्य गर्ने कोटेसन विधिबाट गराउन ई.धमेन्द्र यादवलाई जिम्मेबारी दिने सर्वसम्मतिले निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष